सिद्धलेक गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
धुनिबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

आ.ब : २०७९/०८०
च.नं. : १८२६

मितिः२०७९/१२/२७

श्री सबै गाउँपालिका स्वयम सेवक शिक्षक रहेका सामुदायिक विद्यालय
सिद्धलेक गाउँपालिका, धादिङ।

**विषयः- गाउँपालिका स्वयमसेवक शिक्षक अवकास सम्वन्धमा।**

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिका भित्रको शैक्षिक अवस्थामा सुधार ल्याउन भनि पालिकाले ४१ दरबन्दीको सिर्जना गरी स्वयम सेवक शिक्षक भर्ना गरी तलबभत्ता प्रदान गर्दै आएकोमा पालिकाको आफ्नो आम्दानीको स्रोत संकुचन हुँदै गएको, संघीय राजस्व बाँडफाडको रकम निकाशा न्यून भएको र संघ तथा प्रदेशबाट कररमा कुनै प्रकारको शिक्षक तलबभत्ता भुक्तानीको लागि अनुदान प्राप्त नहुने साथै अर्थ मन्त्रालयको खर्च कटौती परिपत्र निर्देशन समेतलाई आधार लिई मिति २०७९।११।२८ गते बसेको गाउँ शिक्षा समितिको बैठकको गाउँपालिका स्वयम सेवक ४१ जना शिक्षकलाई **चैत्र मसान्तदेखि अवकाश** दिने निर्णयलाई मिति २०७९।१२।१३ गतेको १२ औं गाउँ सभाले समेत अनुमोदन गरेकोले सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

२०७९/१२/२७

(नारायण प्रसाद अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा, सिद्धलेक गाउँपालिका- जानाकारी सम्बन्धमा।
श्री शिक्षा युवा तथा खेलकुद शाखा, सिद्धलेक गाउँपालिका- जानाकारी सम्बन्धमा।
श्री सुचना तथा सञ्चार प्रविधि शाखा- वेब साइडमा अपलोड गरिदिनु हुन।

Scanned with CamScanner

निर्णय नं. ०८

मिति २०७९।०३।१० मा बसेको गाउँसभाको एघारौं बैठकको निर्णय अनुसार विगत देखी आन्तरिक करारमा कार्यरत गाउँपालिका स्वयम सेवक शिक्षकको हकमा चालु आर्थिक वर्षको लागी मंसिरसम्म लाई पुग्नेगरी वित्तीय समानीकरण अनुदान तर्फबाट बजेट व्यवस्था गरी तलब भुक्तानी गरिएको अवस्था रहेको तर सैद्धान्तिक रुपमा स्विकृत दरवन्दीका पदमा कार्यरतको हकमा तलव भत्ता सहित चालु प्रकृतिका खर्चहरु आन्तरिक श्रोत तथा राजश्व बाँडफाड बाट खर्च लेख्नुपर्ने हुन्छ ( वित्तीय समानीकरण अनुदान पुँजिगत प्रकृति बजेट हो ), गाँउशिक्षा समितिको मिति २०७९।११।२८ को वैठकको निर्णय अनुसार निज शिक्षकहरुको यस शैक्षिक सत्रको ( मिति २०७९।१२।३० सम्मको) लागी गरिएको करार नविकरण तथा हालै शंशोधन सहित वित्तीय समानीकरण तर्फ बाट खर्च व्यहोर्ने गरी गरीएको तलव व्यवस्थालाई अनुमोदन गर्दै, नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।१०।१७ को च.न.४२१, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।१०।२० को च.न.३०५ को खर्च कटौती सम्बन्धी परिपत्र निर्देशन, गाउँपालिका लाई प्राप्त भएको न्युन राजश्व बाँडफाड र न्युन आन्तरिक आय समेतको आधारमा तलव खर्च भुक्तानी दिन नसक्ने अवस्था र एघारौं गाँउसभाले करार शिक्षकको हकमा मंसिरसम्मको लागि मात्र तलव पुग्ने गरी विनियोजन गरेको बजेट समेत समग्र आर्थिक अवस्था लाई विश्लेषण गरी विगत देखि सैद्धान्तिक रुपमा गाँउपालिका तर्फको आन्तरीक श्रोतबाट खर्च व्यहोर्ने गरी राखीएका सबै गाँउपालिका स्वयम सेवक करार शिक्षकको करार सम्झौता नया शैक्षिक सत्रको लागी नविकरण नगर्ने तथा २०७९ चैत्र मसान्त बाट स्वतः अवकाश दिने निर्णय गरियो

मिती २०७९/१२/१३ को गाउँसभाको
निर्णय अनुसार प्रमाणीकरण

२०७९/१२/२६
परशुराम खातिवडा
अध्यक्ष

**निर्णय न. ३**

हालै हिउदे गाउसभा तथा कार्यपालिका बाट स्विकृत भएका नया ऐन, नियम, कार्यविधि, मापदण्ड, तथा शंशोधित ऐन, नियम, कार्यविधि, मापदण्ड, र निर्णयहरु तत्कालै कार्यन्वयनको लागी विषयगत शाखा, वडा कार्यलय, संघ सस्था, लगाएत सरोकार सरकारी निकायलाई निर्देशन तथा परिपत्र गर्ने  निर्णय गरियो ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Email:info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## बुङ्चुङ, धादिङ
## बागमती प्रदेश, नेपाल

टिप्पणी आदेश नं.

## टिप्पणी आदेश

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

विषयः गाउँपालिका स्वयमसेवक शिक्षक अवकास सम्बन्धमा।

प्रस्तुत बिषयमा सिद्धलेक गाउँपालिका भित्रको शैक्षिक अवस्थामा सुधार ल्याउन भनि पालिकाले ४१ दरबन्दीको सिर्जना गरी स्वयम सेवक शिक्षक भर्ना गरी तलबभत्ता प्रदान गर्दै आएकोमा पालिकाको आफ्नो आम्दानीको स्रोत संकुचन हुदै गएको, संघीय राजस्व बाँडफाडको रकम निकाशा न्यून भएको र संघ तथा प्रदेशबाट करारमा कुनै प्रकारको शिक्षक तलबभता भुक्तानीको लागि अनुदान प्राप्त नहुने साथै अर्थ मन्त्रालयको खर्च कटौती परिपत्र निर्देशन समेतलाई आधार लिई मिति २०७९।११।२८ गते बसेको गाउँ शिक्षा समितिको बैठकको गाउँपालिका स्वयम सेवक ४१ जना शिक्षकलाई चैत्र मसान्तदेखि अवकाश दिने निर्णयलाई मिति २०७९।१२।१३ गतेको १२ औ गाउँ सभाले समेत अनुमोदन गरेकोले गाउँपालिकाबाट तलबभत्ता खाने गरी सिर्जना गरिएको ४१ स्वयसेवक दरबन्दी खारेज गरी उक्त पदमा कार्यरत शिक्षकलाई अवकास दिन उपयुक्त देखिएकाले निर्णयार्थ यो टिप्पणी पेश गर्दछु।

पेश गर्ने [signature] २०७९।१२।२८
राजेश्वर पुडासैनी

श्रीमान अध्यक्ष ज्यू
निर्णयार्थ पेश गर्दछु।
[signature] 2079/12/28

सदर
[signature] 2079/12/26

आज मिति २०७९।११।२८ गतेका दिन यस सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समितिको बैठक समितिका अध्यक्ष एवम् गाउँपालिकाका अध्यक्ष श्री परशुराम खतिवडाको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहायबमोजमका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

१. अध्यक्षः- श्री परशुराम खतिवडा - गाउँपालिका अध्यक्ष

२. सदस्यः- श्री नारायण प्रसाद अधिकारी - प्रमुख प्रशासकीय अधिकृत

३. सदस्यः- श्री शम्भु गुरुङ (सागर) - सामाजिक विकास समिति संयोजक

४. सदस्यः- श्री झक बहादुर थापा मगर - वडाध्यक्ष

५. सदस्यः- श्री जुना सार्की -कार्यपालिका दलित सदस्य

६. सदस्यः- श्री रस्मिता माझी -कार्यपालिका महिला सदस्य

७. सदस्यः-. श्री बलराम अधिकारी - स्रोतव्यक्ति

८. सदस्यः-. श्री खिन प्रसाद त्रिपाठी - वि व्य.स अध्यक्ष

९. सदस्यः- श्री ध्रुब प्रसाद सिलवाल - सा वि का प्र अ

१०. सदस्यः-. श्री रेनुका खतिवडा - स्थायी महिला शिक्षक

११. सदस्यः- श्री शालिग्राम अर्याल -शिक्षाविद्

१२. सदस्य सचिवः- - शिक्षा अधिकृत

<u>आमन्त्रित उपस्थिति</u>

श्री रामेश्वर पुडासैनी - प्राविधिक सहायक सिद्धलेक गा पा

श्री भुमीराज [illegible] - शिक्षा अधिकृत

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**प्रस्ताव नं.१ - गाउँपालिका स्वयम्सेवक शिक्षकको व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं.१** - प्रस्ताव नं १ माथि छलफल सिद्धलेक गाउँपालिकाबाट अनुदान व्यवस्थापन गरी शिक्षक दरबन्दी नपुग भएका गाउँपालिका भित्रका विद्यालयहरुमा नियुक्त गरिएका ४१

Scanned with CamScanner

जना शिक्षकहरुलाई आ व २०७९।०८० को बजेट लागि मंसिर सम्मको लागि मात्र तलब अनुदान व्यवस्थापन भएकोमा २०७९ चैत्र मसान्त सम्मको लागि हिउँदे गाउँ सभाबाट बजेट व्यवस्थापन गरी तलबभता खुवाउने र चैत्र मसान्त देखि अवकाश दिने गरी निर्णयको लागि गाउँ कार्यपालिका र गाउँसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.२ - मनकामना आ वि र कुम्पुर आ वि लाई कक्षा थप अनुमिति सम्बन्धमा।**

**निर्णय नं.२** - प्रस्ताव नं १ माथि छलफल गर्दा यसै गा पा वडा नं ५ काम्राङ स्थित श्री मनकामना आधारभूत विद्यालय र वडा नं ६ कुम्पुरभञ्ज्याङ स्थित श्री कुम्पुर आधारभूत विद्यालयमा हालसम्म कक्षा (०-५) सञ्चालन हुदै आएको र आगामी शैक्षिक सत्र २०८० देखि कक्षा ६ सञ्चालन गर्ने गरी आवश्यक कागजपत्रहरु सहित कक्षा थप अनुमति माग भएकोमा कक्षा थप सञ्चालन अनुमति दिने निर्णय गरियो।

**प्रस्ताव नं.३ - नमुना विद्यालय छनोट सम्बन्धमा।**

**निर्णय नं.३** - प्रस्ताव नं ३ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिकाको आ व २०७९।८० बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत नमुना विद्यालयका लागि भौतिक सुविधा विस्तार तथा पूर्वाधार व्यवस्थापन अनुदानका वितरणका लागि सिद्धलेक गाउँपालिकाको शैक्षिक अध्ययन कार्यदलले सिफारिस गरेका विद्यालयहरुलाई गाउँपालिका अध्यक्ष,गाउँ शिक्षा अनुगमन समिति र गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा समेतले पुन अनुगमन र मूल्याङ्कन गर्दा मनकामना आधारभूत विद्यालय सिद्धलेक ५ काम्राङलाई छनोट गरी उक्त विद्यालयमा स्वीकृत कार्यक्रम बमोजिमको अनुदान पठाउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४ - गाउँ शिक्षा योजना निर्माणको लागि समिति गठन सम्बन्धमा।**

Scanned with CamScanner